# दैलेख जिल्ला अदालत

☎:०८९-४२०१२४
०८९-४२०१२१
Email: info.dcdailekh@supremecourt.gov.np
admin.dcdailekh@supremecourt.gov.np
Web: www.supremecourt.gov.np


पत्र संख्या : २०८०/०८१
च.नं.

मिति : २०८०।११।१५
नेपाल सम्वत ११४४ सिल्लागा, ३ मंगलबार

## सूचना ! सूचना !! सूचना !!!

यस अदालतमा आउने सेवाग्राही मध्ये कानून व्यावसायी राख्न नसक्ने असहाय, अशक्त, नाबालक, आर्थिक रुपमा विपन्न वा थुनामा रहेका व्यक्तिहरुलाई कानूनी सहायता उपलब्ध गराउनका लागि जिल्ला अदालत नियमावली, २०७५ को नियम १०१(१) बमोजिम वैतनिक कानून व्यावसायी रहने व्यवस्था भएकोले जिल्ला अदालत नियमावली, २०७५ को नियम १०१(२),(३) बमोजिम मिति २०८०।१२।६ गतेबाट रिक्त हुने वैतनिक कानून व्यावसायीको नियुक्ति गर्नका लागि इच्छुक कानून व्यावसायीबाट दरखास्त आव्हान गरिएको छ । यो सूचना प्रकाशन भएको १५ दिनभित्र निवेदन साथ रु. १०।- को निवेदन दस्तुर तिरेको नगदी रसिद साथै राखी यस अदालतको प्रशासन शाखामा आफै उपस्थित भै दरखास्त दिनहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**विज्ञापन नं. ००१/२०८०-०८१**

पदः- वैतनिक कानून व्यावसायी
संख्याः- १ जना
पारिश्रमिकः- प्रचलित कानूनले तोकेबमोजिम
अवधिः- १ बर्ष

**संलग्न हुनुपर्ने कागजातहरुः-**

१. प्रवेशिका परीक्षादेखि कानूनमा स्नातक/स्नातकोत्तर सम्मको प्रमाणपत्रको प्रतिलिपी
२. अधिवक्ताको प्रमाणपत्रको प्रतिलिपी
३. सम्बन्धित विषयमा कुनै तालिम प्राप्त गरेको भए सोको प्रतिलिपी
४. नेपाली नागरिकताको प्रतिलिपी

**प्रदान गर्नुपर्ने सेवाः-**

१. अदालतले तोकेका असमर्थ पक्षका तर्फबाट अदालतमा उपस्थित भई बहस पैसवी गर्ने, अदालती लिखत तयार गरी पेश गर्ने गराउने, आवश्यक कानूनी सल्लाह दिने समेतका कार्य गर्ने ।
२. प्रत्येक महिना ३ दिनको बिदा पाउने र सो बिदा संचित गरी अर्को महिना लिन पाउने छैन ।
३. बिदा स्वीकृत गराई अनुपस्थित रहेको अवस्थामा बाहेक पूरा कार्यालय समयसम्म अदालतमा उपस्थित भई कार्य गर्नुपर्ने छ ।
४. अन्य शर्तहरु जिल्ला अदालत नियमावली, २०७५ को परिच्छेद १३ बमोजिम हुनेछ ।

**छनौटको किसिमः- अन्तरवार्ता र तोकिएको अन्य आधारबाट हुने ।**

सम्पर्क मितिः- २०८०।१२।०१ गते र सो दिन सार्वजनिक विदा परे सोको भोलिपल्ट । साथै सम्पर्क मितिको दिन छनौटको प्रकृया तय गरिने छ ।

**नियुक्ति लिन आउनुपर्ने अवधिः-** नियुक्तिका लागि छनौट भएमा उम्मेदवार छनौट भएको (७) सात दिनभित्र नियुक्ती लिनु पर्नेछ ।

**पुनश्चः-** अन्य थप जानकारीको लागि यस अदालतको प्रशासन शाखामा सम्पर्क राख्न सकिने छ ।

२०८०-११-१५

बद्रिप्रसाद लामिछाने
श्रेस्तेदार उपसचिव
श्रेस्तेदार
उप-सचिव